## मिति २०८२ कार्तिक १२ गतेको सचिव बैठकका निर्णयहरू

१. २०८२ भाद्र २३ र २४ गतेको जेनजी आन्दोलनको क्रममा उठान भएका सुशासन सम्बन्धी मागहरू सम्बोधन हुने गरी प्रत्येक मन्त्रालय/निकायहरूले गर्नु पर्ने सुधारका कार्यहरूलाई समावेश गरी "तत्काल सुधार कार्ययोजना" को खाका २०८२ कार्तिक १६ गते आइतबारसम्ममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, शासकीय सुधार महाशाखामा पठाउने।

२. नेपाल सरकारका मन्त्रालय र मातहका निकाय, प्रदेश मन्त्रालय र मातहतका निकाय एवं स्थानीय तहका कार्यालयमा उक्त आन्दोलनका क्रममा हुन गएको गएको क्षति तथा नोक्सानी (Loss and Damage) को विवरण राष्ट्रिय योजना आयोगले तोकेको पोर्टलमा यथाशीघ्र प्रविष्ट गर्ने व्यवस्था मिलाउने। सरकारी संरचना, निजी आवास तथा व्यावसायिक प्रतिष्ठानमा हुन गएको समग्र क्षतिको विवरण प्राप्त हुने गरी टेम्प्लेटमा आवश्यक परिमार्जन समेत गर्न र विवरण सङ्कलन कार्यालयलाई छिटो र प्रभावकारी रूपमा सम्पन्न गर्न राष्ट्रिय योजना आयोगले आवश्यक समन्वय गर्ने।

३. आन्दोलनका क्रममा पुग्न गएको क्षतिका कारण अवरुद्ध हुन पुगेको सार्वजनिक सेवालाई सुचारु गर्न विशेष परिस्थितिमा गरिने खरिद प्रकृयालाई तत्काल अघि बढाई कार्यालय व्यवस्थापन गर्ने। केही सरकारी निकाय/कार्यालयहरू मार्फत सेवा सञ्चालन गर्न असहज भएको परिस्थितिमा शहरी विकास मन्त्रालयले सम्भव भएसम्म सरकारी भवनहरू उपलब्ध गराउन आवश्यक समन्वय गर्ने।

४. स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्न सार्वजनिक निकायले यथासम्भव स्वदेशी बस्तुको प्रयोग गर्ने/गराउने।

५. सुरक्षा निकायहरूलाई चुस्त, दुरुस्त र उच्च मनोबलयुक्त बनाउन न्यूनतम सामग्री तथा बन्दोबस्तीका सामग्रीहरूको व्यवस्थाका लागि अर्थ मन्त्रालयले बजेट व्यवस्थापन गर्ने।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

मुख्य सचिव